# संघीय संसद
# राष्ट्रिय सभा

## बाह्रौं अधिवेशन
## बैठक - ५०
## २०७९ भदौ १६ गते बिहीबार
## अपराह्न २:५९ बजे

## <u>दैनिक कार्यसूची</u>

### प्रतिवेदन पेश

१. राज्यका निर्देशक सिद्धान्त, नीति र दायित्वको कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन समितिका माननीय सदस्य देवेन्द्र दाहालले देहायका प्रतिवेदनहरू सभा समक्ष पेश गर्नुहुनेः-

(क) राज्यका निर्देशक सिद्धान्त, नीति र दायित्वको कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन समितिको वार्षिक प्रतिवेदन, २०७६

(ख) राज्यका निर्देशक सिद्धान्त, नीति र दायित्वको कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन समितिको एकीकृत प्रतिवेदन, २०७९

### व्यवस्थापन कार्य

२. विधायन व्यवस्थापन समितिका ज्येष्ठ सदस्य माननीय नारायण दत्त मिश्रले विधायन व्यवस्थापन समितिका देहायका प्रतिवेदनहरू सभा समक्ष पेश गर्नुहुनेः-

(क) सम्माननीय राष्ट्रपतिबाट पुनर्विचारका लागि फिर्ता भई प्रतिनिधि सभाबाट सन्देश सहित प्राप्त "नेपाल नागरिकता (पहिलो संशोधन) विधेयक, २०७९" सम्बन्धी

(ख) प्रतिनिधि सभाबाट सन्देश सहित प्राप्त "कारागार विधेयक, २०७६" सम्बन्धी

३. माननीय कृषि तथा पशुपन्छी विकास मन्त्री मृगेन्द्र कुमार सिंह यादवले प्रतिनिधि सभाबाट सन्देशसहित प्राप्त "पशु स्वास्थ्य तथा पशु सेवा परिषद् विधेयक, २०७६ माथि विचार गरियोस्" भन्ने प्रस्ताव प्रस्तुत गर्नुहुने।

४. माननीय भौतिक पूर्वाधार तथा यातायात मन्त्री मोहम्मद इश्तियाक राईले "शहरी क्षेत्र सार्वजनिक यातायात (व्यवस्थापन) प्राधिकरण विधेयक, २०७६ माथि प्रतिनिधि सभाबाट भएको संशोधन उपर विचार गरियोस्" भन्ने प्रस्ताव प्रस्तुत गर्नुहुने।

५. माननीय शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री देवेन्द्र पौडेलले "योगमाया आयुर्वेद विश्वविद्यालय विधेयक, २०७९ लाई प्रतिनिधि सभाबाट भएको संशोधन स्वीकार सहित पुनः पारित गरियोस्" भन्ने प्रस्ताव प्रस्तुत गर्नुहुने।

(डा. भरतराज गौतम)
संघीय संसदको महासचिव